# पुनर्वास नगरपालिकाको
# बालकोष सञ्चालन कार्यविधि-२०७५

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७५।११।०१ गते ।

**प्रस्तावना**

नगरक्षेत्र भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहतवितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नकालागि स्थानिय स्तरमाआर्थिक स्रोत संकलन गरी परिचालनगर्न नगरपालिका स्तरीय बालकोषको स्थापना गर्ने भनी गरेको निर्णय बमोजिम उक्त कोष संचालन गर्न देहाय बमोजिमको कार्यविधि तयार गरी स्वीकृत गरिएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम“बालकोष संचालनकार्यविधि-२०७५” रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) “कोष”भन्नाले यस कार्यविधिको ३ नं. बुंदामाउल्लेख गरे बमोजिम स्थापना गरिएको नगरपालिका स्तरीय बालकोष सम्झनुपर्छ ।

ख) “समिति”भन्नाले बालमैत्री स्थानिय शासन नगर समिति तथा नगर बाल संरक्षण समिति, पुनर्वास, कञ्चनपुरलाई सम्झनुपर्दछ ।

ग) “आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका”भन्नाले कार्यविधिको ९ नं. बुंदामा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

घ) “संचालक समिति”भन्नाले कार्यविधिको ४ नं. बुंदामाउल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**३.कोषको स्थापनाः-**

१) नगरपालिकाको लक्षित बर्गको लागिविनियोजित बजेटबाट जोखिम अवस्थामा रहेका वा आपतकालीन अवस्थामा रहेका नगरभित्रका बालबालिकाको संरक्षण गर्न बालमैत्री स्थानियशासन(MCFIG)नगर तथा नगर बाल संरक्षण समिति पुनर्वास, कञ्चनपुरले यस बालकोषको स्थापना गरेको छ ।

२) बालकोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) नगरपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ख) विभिन्न संघ-संस्थावा ब्यक्तिबाट सहयोग स्वरुपप्राप्तहुने रकम,

ग) कोषलाई अन्यकुनै स्रोतबाट प्राप्तहुने रकम ।

घ) यस अघिका बालकोषमा जम्मा भएको रकम ।

**४. संचालक समितिको गठनः-**कोषको ब्यवस्थापन, सञ्चालनएवं स्रोतको खोजीगर्न देहाय बमोजिमको ५ सदस्यीय संचालक समिति रहनेछ ।

क) बालमैत्री स्थानिय शासन(MCFIG)नगर समिति अध्यक्ष -संयोजक

ख) बिषयगत समितिको संयोजक -सदस्य

ग) नगरबाल संरक्षण समितिका संयोजक तथा(MCFIG)को स्रोत ब्यक्ति -सदस्य

घ) नगरबाल संरक्षण समितिको सदस्यहरु मध्येबाट बाल समूहका प्रतिनिधि -सदस्य

ङ) नगरबाल संरक्षण समितिका सदस्यहरुमध्येबाट शिक्षक प्रतिनिधी -सदस्य

च) बालमैत्री स्थानिय शासन(MCFLG) नगर समितिका सदस्य सचिव -सदस्य सचिव

५. **संचालक समितिको कामकर्तब्य र अधिकारः-**संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमहुनेछ :

क) आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहतवितरण गर्ने वापारिवारिक पुर्नमिलनगर्ने/गराउने,

ख) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमाप्रतिब्यक्ति बढिमा रु ५०००/- सम्म सहयोग गर्ने,

ग) बालमैत्री स्थानिय शासन(MCFIG)नगर समितिले दिएको निर्देशनपालनागर्ने,

घ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण बालमैत्री स्थानिय शासन नगर समितिमा पेश गर्ने,

ङ.) कोषको आय-ब्ययको विवरण अद्यावधिकगर्ने,

च) कोषको बृद्धि गर्न उपयुक्त निति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,

छ) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक कामगर्ने,

ज) संचालक समितिले गरेको आय-ब्ययको विवरण बालमैत्री स्थानिय शासन नगर समितिमा पेश गर्ने,

झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा ब्यक्तिको विवरण अद्यावधिकगर्ने,

६. **संचालक समितिले गर्न नहुँने कामहरुः-** संचालक समितिले देहायका काम गर्न गराउन हुंदैन ।

क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्यकार्यमा कोषको रकमखर्च गर्न ।

७. **संचालक समितिको बैठकः-** आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि बालमैत्री स्थानिय शासन नगर समिति पुनर्वास तथा नगर बाल संरक्षण समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहायबमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थीतिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्यहुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थानबालमैत्री स्थानिय शासन नगर समिति तथा नगर बाल संरक्षणसमितिकोकार्यालयमा रहनेछ ।

८. **लेखापरीक्षणः-** समितिले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक बर्ष आय-ब्ययको विवरणको लेखापरीक्षण गराउनुपर्नेछ ।

९.**आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः-**

१) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

२) जोखिमपूर्ण श्रममा संलग्न रहेकाबालबालिका,

३) ऋणको कारणले बन्धकमा रहेकावा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,

४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्ब्यवहारबाट पिडित बालबालिका,

५) दुर्घटनामा परेका वा प्राकृतिकवा दैवीप्रकोपमा परेका बालबालिका,

६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वाकुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएकाबालबालिका,

७) यौनशोषण, यौन दुर्ब्यवहार, बेचविखन वा ओसार पसारमा परेकाबालबालिका,

८) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका,

९) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका,

१०) अपांगता भएका बालबालिका,

११) सुस्त मनस्थीति भएका बालबालिका,

१२) अपहरण वाशरिर बन्धकमा परेका बालबालिका,
१३) सडकबालबालिका,
१४) एच. आई. भि. एड्स संक्रमित भएका बालबालिका,
१५) नगर बाल संरक्षण समितिले तोकेका अन्य बालबालिका ।

**१०.निवेदन दिन सक्नेः-**
यस कार्यविधिको ९ नं. बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी नगरपालिका स्थित जो कुनै सरोकारवाला वा व्यक्तिले बालमैत्री स्थानिय शासन नगर समितिको कार्यालय वानगरबाल संरक्षण समितिको सचिवालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**११.खाताको सञ्चालन :-**
बालकोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यताप्राप्त“क”वा“ख” बर्गको बैकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालनगर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ साथै सञ्चालक समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

**१२. अन्यखर्चः-** कोषको संचालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बाल उद्धार गर्ने क्रममा हुने यातायात खर्च गर्न सक्नेछ ।

**१३. कोष खारेज हुँन सक्ने अवस्थाः-** कुनै कारणबस कोष सञ्चालन गर्ने आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित सञ्चालक समिति,बालमैत्री स्थानिय शासननगर समितित थान गर बाल संरक्षण समितिको संयुक्त निर्णयले खारेज गर्न सकिने छ र कोष खारेज भएमा कोषमा रहेको रकम नगर बाल संरक्षणको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

धन्यबाद ।